# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्रदेश नं. ५ नेपाल

प.स. ०७६/७७
च.नं.

मितिः२०७७०३।२७

**ध्यानाकर्षण सम्बन्धमा ।**

मिति २०७७०३।२६ गतेका दिन अनलाइन मिडिया radionrn.com र नेपाली रेडियो नेटवर्कमा प्रकाशन/प्रशारण भएको गुल्मीको छत्रकोटका अध्यक्ष विरुद्धमा स्थानीयको प्रर्दशन, लाखौं अनियमितता गरेको आरोप शिर्षकको समाचार प्रति यस गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । समाचारमा उल्लेख भएको स्थानीयको प्रर्दशन भन्ने शिर्षक नै भ्रामक रहेको छ । गाउँपालिकामा स्थानीयले प्रर्दशन गरेको नभई नेपाली कांग्रेस छत्रकोट गाउँपालिकाद्धारा ज्ञापन पत्र बुझाउने कार्यक्रम रहेको र सोही बमोजिम ज्ञापन पत्र बुझाएको जानकारी गराउछौं । त्यसैगरी यस गाउँपालिकाका अध्यक्षको नाममा कुनै डोजर नै नरहेको अवस्थामा आफ्नो डोजर प्रयोग गरेको भनी उल्लेख गर्नु निन्दनीय छ । त्यस्तै उपभोक्ता समितिको प्रत्यक्ष नियन्त्रणमा भएको बागबानी केन्द्रको विषयमा अनावश्यक रुपमा अध्यक्षलाई जोडेर भ्रम सिर्जना गर्न खोजिएबाट पूर्वाग्राही भइ समाचार प्रकाशन भएको बुझिन्छ । बागवानी केन्द्रका लागि २२ लाख खर्च गरी ५० विरुवा लगाएको भन्ने विषय समेत भ्रामक रहेको छ । बागवानी केन्द्रका लागि रु. १५ लाख प्रदेश सरकारबाट र यस गाउँपालिकाबाट रु. २ लाख ५० हजार मात्र खर्च भएको जानकारी गराउदछौं । उक्त बजेटबाट २५० बोट कागती लगाउनुका साथै कागती लगाउनका लागि भिरालो जमिनमा गह्रा बनाइएको, सिंचाइका लागि आवश्यक पाइप र सिमेन्ट पोखरी निर्माण गरिएको कुरालाई ओझेलमा राखी अनावश्यक प्रचार गरिएको प्रति खेद प्रकट गर्दछौं ।

गाउँपालिकाले गर्ने काम कारवाहीहरुलाई पारदर्शी र जवाफदेही ढंगले अगाडी बढाइएको तथा सर्वपक्षीय छलफललाई सधै उच्च महत्वका साथ आत्मसात गरी यस गाउँपालिकाले गतिविधिहरु सञ्चालन गरेको विषय छत्रकोटवासी लगायत सबैमा जानकारी गराउन चाहान्छौं । यस गाउँपालिकाले स्थानीय सरकारको स्थापना पश्चातका ३ वर्षमा विद्युत, खानेपानी, सडक, शिक्षा र स्वास्थ्यको क्षेत्रमा हासिल गरेका उपलब्धीहरुले छत्रकोटवासीका आवश्यकताहरु पुरा हुँदै गएको महशुस गरेका छौं । छत्रकोटवासीहरुका आवश्यकताहरु पुरा गर्नका लागि खटिरहेका जनप्रतिनिधिहरुमाथी लाञ्छाना लगाउनुलाई दिनलाई रात ठान्नु जस्तै पूर्वाग्रही मानसिकताको उपज भएको हामीले अनुभुती गरेका छौं । साथै सत्यतथ्य बुझेर मात्र समाचार प्रकासन तथा प्रसारण गर्न सम्बद्ध पक्षहरुलाई ध्यानाकर्षण गराउन चाहान्छौं ।

२०७७/३/२६
भेषराज पन्थ
**प्रमुख प्रशासकीय अधिकृत**

मधुकृष्ण पन्त
**मधुकृष्ण पन्त**
**अध्यक्ष**

फोन नं. - ९८५७०६७९०८ | ईमेल - info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np